# मुसिकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्डः २ संख्या : १ श्रावण १, २०७५

## भाग-१

## मुसिकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालयको
## सूचना
## आर्थिक ऐन, २०७५

संवत् २०७५ सालको ऐन नं १

**प्रस्तावनाः** मुसिकोट नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न आवश्यक भएकोले, नेपालको संविधानको धारा २३० बमोजिम मुसिकोट नगर सभाले यो ऐन बनाएको छ ।

1 **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि मुसिकोट नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

2 **सम्पति करः** नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

3 **भूमि कर (मालपोत):** आव २०७४७५ को अन्तसम्मको भूमिकर मालपोत बुझाउन बाँकी रहेकाबाट नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

4 **घर वहाल करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

5 **व्यवसाय करः** नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

6 **जडिबुटी, कवाडी र जीवजन्तु करः** नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

7 **सवारी साधन करः** नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर

गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

8 **विज्ञापन करः** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

9 **मनोरन्जन करः** नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

10 **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

11 **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

12 **सेवा शुल्क, दस्तुरः** नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि ११ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

13 **पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १२ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर

गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

14 **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

15 **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने छ ।

# अनुसूची – १

## सम्पति करः

### नगरपालिका क्षेत्रभित्र लगाइने सम्पत्ति कर / घरजग्गा कर तपसिल बमोजिमको दरमा असूल उपर गरिनेछ ।

नगरपालिकाले संकलन गर्ने सम्पती करमा जग्गको मुल्यका हकमा सामान्यतया जिल्ला घर जग्गा मुल्य निधारण समितिले जग्गा रजिष्ट्रेशन पारित गर्ने प्रयोजनको लागि निर्धारण गरेको दररेट कायम गरी सोमा बनेको घर तथा अन्य संरचना सहित करदाताले पेश गरेको सम्पतीको कुल मुल्य रु १ देखि ३ लाख सम्म भएमा रु २५ र सो भन्दा माथि रु ३ करोड सम्मको हकमा ०.०१ प्रतिशतले हुन आउने रकम र तिन करोड एक भन्दा माथि जतिसुकै भएपनि ०.०१५ प्रतिशतका दरले सम्पतीकर कायम गर्ने ।

अनुसूची -२

## भूमि कर (मालपोत)

नगरपालिका क्षेत्र भित्रको जग्गा जमिनको उत्पादनको अवस्था, बजार मूल्य, सुगमताको अवस्थाको आधारित भूमि कर आव २०७४/७५ सम्मको बाँकी बक्यौता तपसिल बमोजिमको दरमा असुली गर्ने र बाँकी बक्यौता रहेको रकमको ५० प्रतिशत जरिवाना गरी असुल गर्ने ।

| जग्गा किसिम | मालपोतको दर प्रति रोपनी | कैफियत |
|---|---|---|
| अबल | ४० | |
| दोयम | ३० | |
| सिम | २० | |
| चाहार | १० | |

अनुसूची -३

## घर बहाल कर

नगरपालिकाले आफ्नो क्षेत्र भित्रका घर, पसल, ग्यारेज, गोदाम, सेड, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आशिंक रुपमा भाडामा दिइएकोमा सम्बन्धित धनीबाट बहाल रकम घर भाडा रकमको १० प्रतिशतका दरले असुल गर्ने

अनुसूची -४

**व्यवसाय कर**

| क्र.सं. | सेवाको क्षेत्र | कर |
|---|---|---|
| क | **व्यापारिक वस्तु** | |
| १ | चुरोट/सूर्तीजन्य पदार्थ (डिलर तथा थोक विक्रेताहरुलाई) | १०,००० |
| २ | मदिरा:(डिलर तथा थोक विक्रेताहरुलाई) | १०,००० |
| ३ | **ज्वेलरी:** | |
| | क. चाँदी मात्र | २५०० |
| | ख. सुन मात्र | ५००० |
| | ग. सुन सोरुम | १०००० |
| | घ. सुन चाँदी दुवैको कारोवारो (खरीद, विक्री तथा मर्मत) | १०००० |
| ४ | **भिडियो,क्यासेट रेकर्डर तथा प्लेयर** | |
| | क. रु. ५० हजार सम्म पूंजी लगानी | १५०० |
| | ख. रु. ५० हजार एक देखि १ लाख सम्म पूंजी लगानी | २००० |
| | ग. रु. १ लाख एक देखि ३ लाख सम्म पूंजी लगानी | २५०० |
| | घ. रु. ३ लाख एक भन्दा माथि पूंजी लगानी | ३००० |
| ५ | **निर्माण सामग्री/हार्डवयर** | |
| | क. रु. ५० लाख सम्म पूंजी लगानी | ३५०० |
| | ख. रु.५० लाख एक देखि रु.१ करोड सम्म पूंजी लगानी | ५००० |
| | ग रु. १ करोड देखि माथि पूंजी लगानी | १०००० |
| ६ | **कम्प्यूटर तथा इलेक्ट्रोनिक्स सामान ( क्यामरा,फ्रिज,मोवाईल आदि)** | |
| | क. रु. ३ लाख सम्म पूंजी लगानी | २००० |
| | ख. रु. ३ लाख एक देखि ५ लाख सम्म पूंजी लगानी | २५०० |

| | | |
|---|---|---|
| | ग. रु. ५ लाख एक देखि १० लाख सम्म पूंजी लगानी | ३५०० |
| | घ. रु. १० लाख एक देखि माथि पूंजी लगानी | ५००० |
| ७ | **विद्युतीय सामान** | |
| | क. रु. ३ लाख सम्म पूंजी लगानी | १५०० |
| | ख. रु. ३ लाख एक देखि ५ लाख सम्म पूंजी लगानी | २५०० |
| | ग. रु. ५लाख एक देखि १० लाख सम्म पूंजी लगानी | ३५०० |
| | घ. रु. १० लाख एक देखि माथि पूंजी लगानी | ५००० |
| ८ | फ्रिज, टेलिभिजन, रेडियो, घडी | १५०० |
| ९ | फर्निसिङ्गका सामान | ५००० |
| १० | **पेट्रोलियम पदार्थः** | |
| | क. मट्टितेल मात्र | १००० |
| | ख. डिजेल मात्र | ३५०० |
| | ग. पेट्रोल मात्र | ३५०० |
| | घ. डिजेल र पेट्रोल दुवै | ७००० |
| | ङ. एलपी ग्यांस डिलर | ३५०० |
| ११ | **दैनिक उपभोगको खाद्य सामग्रीः** | |
| | क. रु. ३ लाख सम्म पूंजी लगानी | १५०० |
| | ख. रु.३ लाख एक देखि माथि पूजी लगानी | २५०० |
| १२ | कांचो कपडा (लुगा, जुत्ता आदि): | ३५०० |
| १३ | सवारी साधन विक्रेता | |
| | क. जीप, कार, वस र ट्रक | १०००० |
| | ख. मोटर साईकल | ३५०० |
| | ग. ट्रयाक्टर सानो ठुलो | ५००० |
| | घ. साईकल विक्रेता | १००० |
| १४ | विशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा | |

| | | |
|---|---|---|
| | क. चिकित्सक | २००० |
| | ख. कविराज/एच ए /सि एम ए | १००० |
| | ग. इन्जिनियर | ३००० |
| | घ. कानूनी व्यवसायीः | |
| | ङ. अधिबक्ता | २५०० |
| | च. अभिवक्ता | १५०० |
| | छ. लेखनदाश | १००० |
| | ज. लेखा परीक्षक | २५०० |
| | झ. दन्त चिकित्सक | १५०० |
| | ञ. अनुसन्धानकर्ता | १५०० |
| | ट. कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | २५०० |
| | ठ. वीमा एजेन्ट | १५०० |
| | ड. सर्भेयर | १५०० |
| | ढ. अनुवादक | १५०० |
| | ण. पशु चिकित्सक | १५०० |
| | त. शेयर दलाल | २५०० |
| | थ. सामान ढुवानी कर्ता तथा कम्पनी | ३५०० |
| | द. संस्थागत पेन्टर(विभिन्न पेटिङ्ग कार्य गर्ने) | ५००० |
| | **अ. निर्माण व्यवसाय** | |
| १५ | न.पा. मा प्रधान कार्यालय भएको निर्माण व्यवसायमाःइजाजत नविकरण | |
| | क. वर्गको | २०००० |
| | ख. वर्गको | १५००० |
| | ग. वर्गको | १०००० |
| | घ. वर्गको | ५००० |
| १६ | **उत्पादनमूलक उद्योग** | |
| | आ. कोरा माल वा अर्ध प्रशोधित माल वा खेर गैरहेको सामान प्रयोग गरी वा प्रशोधन गरी उत्पादन गर्ने उद्योग व्यवसायमाः | |

| | | |
|---|---|---|
| | क. ५ हर्स पावर सम्म | २००० |
| | ख. ७ हर्स पावर सम्म | २५०० |
| | ग. १० हर्स पावर सम्म | ३००० |
| | घ. १५ हर्स पावर सम्म | ४००० |
| | ङ .२० वा सो भन्दा माथिको हर्स पावर सम्मको लागि | ५००० |
| १७ | **उर्जामूलक उद्योग:** | |
| | क. जलश्रोत, वायु सौर्यशक्ति, कोइला, प्राकृतिक तेल, ग्यास, वायोग्यास तथा अन्य श्रोतहरुबाट उर्जा पैदा गर्ने उद्योग व्यवसायमा | २००० |
| १८ | **कृषि तथा वन्यजन्तु उद्योग:** | |
| | क. रु. १ लाख सम्म स्थिर पूंजी लगानी (७ हर्स पावर) | १५०० |
| | ख. रु. १ लाख एक देखि २ लाख सम्म स्थिर पूंजी लगानी (१० हर्स पावर) | २००० |
| | ग. रु. २ लाख एक देखि ५ लाख सम्म स्थिर पूंजी लगानी (१५ हर्स पावर) | ३५०० |
| | घ. रु. ५ लाख एक देखि माथि स्थिर पूंजी लगानी (२० हर्स पावर) | ५००० |
| १९ | **पोल्ट्री फार्म** | |
| | क. १०० देखी ५०० सम्म संख्यामा | ५०० |
| | ख. ५०० एक देखि १ हजार सम्ममा | १००० |
| | ग. १ हजार एक देखि २ हजार सम्ममा | १५०० |
| | घ. २ हजार एक देखि माथि ५००० सम्ममा | २००० |
| | ङ ५ हजार एक देखि माथि | ५००० |
| २० | ताजा तरकारी फर्म | ५०० |
| | उ. पशुपालन तर्फः | |
| | क. बाख्रा फर्म | १००० |
| | ख. वंगुर फर्म | १००० |
| | ग. गाई, भैसी फर्म | १००० |

| | | |
|---|---|---|
| | घ. माछा पालन फर्म | ५०० |
| | ङ. एग्रोभेट | ३००० |
| २१ | **खनिज उद्योगः** | |
| | खनिज उत्खनन वा प्रशोधन गर्ने उद्योग व्यवसायमाः | |
| | क. ५ हर्स पावर सम्म | २५०० |
| | ख. सो भन्दा माथि प्रति हर्स पावर रु. १००।- का दरले थप | |
| २२ | **पर्यटन उद्योग** | १००० |
| २३ | पर्यटक | |
| | आवासः | |
| | १० बेडसम्म | ३५०० |
| | १० वेड देखि २० वेड सम्म | ५००० |
| | २० वेड भन्दा माथि प्रतिवेद रु.२५० का दरले थप | |
| २४ | मोटेल, होटेल | |
| | क. ठुला होटेलहरु | |
| | क.१. १० बेडसम्म | ५००० |
| | ख.२० वेड सम्म | ८००० |
| | ग. २० वेड भन्दा माथि | १२००० |
| | घ. रेष्टुरा (सामान्य खानेकुरा पसल समेत) | १००० |
| | ङ रु. ३ लाख सम्म पूंजी लगानी | १५०० |
| | च. रु. ३ लाख एक देखि १० लाख सम्म पूंजी लगानी | २००० |
| | छ. रु. १० लाख एक देखि माथि पूंजी लगानी | २५०० |
| २५ | रिसोर्ट | २०००० |
| २६ | ट्राभल एजेन्सी | १५०० |
| २७ | स्कीईङ, ग्लाईड्रिं, वाटर ऱ्याफ्टिंग, गेनी ट्रेकिंग, पदयात्रा, व्यालुनिंग, प्यारा सेलिंग, गल्फ कोर्स, पोलो | १५०० |

| | | |
|---|---|---|
| २८ | पार्टी प्यालेस | १०००० |
| २९ | टेन्ट तथा क्याटरिङ्ग | ३००० |
| | **इ. सेवा उद्योग** | |
| ३० | छापाखाना | |
| | क. रु. ५ लाख सम्म पूंजी लगानी | २००० |
| | ख. रु. ५ लाख एक देखि २० लाख सम्म पूंजी लगानी | ५००० |
| | ग. रु. २० लाख एक देखि ५० लाख सम्म पूंजी लगानी | ८००० |
| | घ. रु. ५० लाख एक देखि माथि पूंजी लगानी | १०००० |
| ३१ | जिनिङ तथा वेल्डिङ व्यवसाय/ग्रिल उद्योग | ५००० |
| ३२ | चलचित्र व्यवसाय | ५००० |
| ३३ | सार्वजनिक परिवहन व्यवसाय | २००० |
| ३४ | फोटोग्राफी तथा कलर ल्याव | |
| | क. कलर ल्याव समेत | ३००० |
| | ख. फोटोग्राफी | १५०० |
| ३५ | प्रयोगशाला | १५०० |
| ३६ | हवाई सेवा | ५००० |
| ३७ | शीत भण्डार व्यवसाय | ७००० |
| ३८ | वेभ सेवा(इन्टर नेट प्रदायक) | ५००० |
| | **ई. निर्माण उद्योग** | |
| | क. सडक, पुल, रेलवे, ट्रलिवस, टनेल, फ्लाइङ व्रिज तथा औद्योगिक, व्यापारिक एवं आवास कम्प्लेक्स आदि निर्माण गरी संचालन गर्ने उद्योग व्यवसायमा | ५००० |
| | ख. वडि विल्डर्स | १०००० |
| ३९ | संचार सेवा | १००० |
| ४० | निजी क्षेत्रको हुलाक सेवा/कुरियर | १००० |
| ४१ | निजी क्षेत्रका टेलिफोन सेवा, फ्याक्स | १००० |

| | | |
|---|---|---|
| | सेवाः | |
| ४२ | एस.टी.डी. /आई.एस.डी. /टेलि/फ्याक्स/ फोटोकपी समेत | १००० |
| ४३ | मोवाईल, इन्टरनेट, इमेल, रेडियो पेजिङ समेत | १००० |
| ४४ | छपाई तथा प्रकाशन (पत्र पत्रिका समेत) | १००० |
| ४५ | ***वित्तिय सेवा*** | |
| | क. नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको वाहेक आर्थिक कारोवार गर्ने वाणिज्य बैंक क वर्ग सवै | २०००० |
| | ख. आर्थिक कारोवार समेत गर्ने वित्तिय कम्पनीको (ख) बर्गको मुख्य कार्यालय भएका | १५००० |
| | ग. आर्थिक कारोवार समेत गर्ने वित्तिय कम्पनीको मुख्य कार्यालय | १०००० |
| | घ. वित्तिय कम्पनी शाखा कार्यालय | ५००० |
| | ङ वीमा कम्पनी शाखा | ५००० |
| | च. विदेशी मुद्रा सटही आइएमई | ५००० |
| | छ. धितोपत्र कारोवार | २००० |
| ४६ | सहकारी वैक / वित्तिय संस्था | |
| | क. शेयर पूजी रु.१ करोड सम्म | ३००० |
| | ख. शेयर पूजी रु.१ करोड भन्दा माथि | ५००० |
| | **ए. स्वास्थ्य सेवा** | |
| ४७ | गैर सरकारी अस्पताल | ५००० |
| ४८ | नर्सिंग होम | १०००० |
| ४९ | क्लिनिक तथा ल्यावः | |
| | क. क्लिनिक तथा ल्याव एक मात्रको | १५०० |
| | ख. क्लिनिक तथा ल्याव दुवैको | २००० |
| | ग. मेडिकल | ३००० |
| | घ. चश्मा पसल | २००० |
| | **शिक्षा सेवा** | |
| ५० | निजी क्षेत्रका स्कूल | |

| | | |
|---|---|---|
| | क. प्राथमिक तहका विद्यालय | ५००० |
| | ख. माध्यामिक तह | १०००० |
| | ग. क्याम्पस / विश्वविद्यालय | १५००० |
| ५१ | तालिम तथा अनुसन्धान केन्द्र | १०००० |
| ५२ | टाइपिंग, कम्प्युटर तथा भाषा प्रशिक्षण संस्था | ५००० |
| ५३ | अन्तरराष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्था | ५००० |
| ५४ | **मर्मत सम्भार सेवा** | |
| | क. हेभी इक्विपमेण्ट, वस, ट्रक, कार, मोटरसाइकल मर्मत कारखाना: | २०००० |
| | ख. हेभी इक्विपमेण्ट, वस, ट्रक, | ५००० |
| | ग. कार, जीप, ट्र्याक्टर | ३००० |
| | घ. मोटरसाइकल, टेम्पो ई. | २००० |
| | ङ साइकल | ५०० |
| | च. वर्क शप (अन्य मर्मत कार्य) | १५०० |
| | छ. रेडियो, टिभी, घडी प्रैशरकुकर, हिटर, टेलिफोन सेट, विद्युत सामग्री | १००० |
| | **ऐ. अन्य सेवा** | |
| ५५ | वैदेशिक रोजगार एजेन्ट | ५००० |
| ५६ | स्वेदेशी रोजगार | ५०० |
| ५७ | सेक्रेटेरी सेवा | १५०० |
| ५८ | हाउजिंग कम्पनी तथा कम्पनी तथा घरजग्गा खरिद विक्री ( रियल स्टेट) | ५००० |
| ५९ | व्युटी पार्लर, केश श्रृंगार, ड्राई क्लिनरर्स, फोटा स्टुडियो, सिलाई आदि | १५०० |
| ६० | व्युटी पार्लर र कस्मेटिक सामान विक्री तथा हेयर सैलुन | २००० |
| ६१ | सिलाई तथा कपडा विक्री (काँचो कपडा समेत) | ३५०० |
| ६२ | फेन्सी कपडा (जुत्ता चप्पल समेत) | ३५०० |
| ६३ | कस्मेटिक होलसेल | ३५०० |
| ६४ | साइनवोर्ड बनाउने पेन्टिंग | ५०० |

| | | |
|---|---|---|
| ६५ | पशु बधस्थल | ५००० |
| ६६ | मासु विक्रेता | १५०० |
| ६७ | फुल तथा विरुवा विक्रेता | ५०० |
| ६८ | पुल हाउस | १५०० |
| ६९ | खोटो व्यवसायी | १५०० |
| ७० | शिसा, प्लाइउड विक्रेता | ३००० |
| ७१ | भाडा कुडा विक्रेता | ३००० |
| ७२ | **स्टील, काठ, फर्निचर विक्रेता** | |
| | क. काठ / स्टील फर्निचर एक मात्र | १५०० |
| | ख. काठ र स्टील दुवै फर्निचर | ३५०० |
| ७३ | खेलौना, उपहार (गिफ्ट) विक्रेता | १००० |
| ७४ | केवुल, नेटवर्किङ्ग (ग्राहक सख्याको आधारमा) | प्रति ग्राहक रु. १० |
| | **अन्य व्यवसाय** | |
| ७५ | पार्क, पिकनिक स्पट | १००० |
| ७६ | क्यासिनो | ५०००० |
| ७७ | टुर अपरेटर | ३००० |
| ७८ | मसाज पार्लर | ५००० |
| ७९ | अस्थायी हाट बजार वा घूम्ती पसल | ५०० |
| ८० | चौपाय प्रति (पटके) न.पा. वाहिरवाट आउने | ५०० |
| ८१ | हांस, कुखुरा (पटके) न.पा. वाहिर आउने | ५०० |
| ८२ | पशुपञ्छी उपचार | |
| | क. कुखुरा तथा बाखा प्रतिगोटा | ५ |
| | ख. परिक्षण तथा पोष्टमाटम | २५ |
| | ग. ठुलो पशु प्रतिगोटा | १० |
| | घ. कुकुर, बिरालो तथा जंगली जनावर | ५० |
| ८३ | साग सव्जी, फलफूल (पटके) न.पा. वाहिर आउने | ५०० |
| ८४ | अन्य (पटके) न.पा. वाहिर आउने | ५०० |
| ८५ | माथि उल्लेख भएका वाहेक अन्य | २०० |

| | | |
|---|---|---|
| | व्यवसायहरु | |
| ८६ | स्टेशनरी/पाठ्यपुस्तक/मसलन्द | ३००० |
| ८७ | किराना | १५०० |
| ८८ | हल्का कोल्ड ड्रिक्स | १००० |
| ८९ | अन्य(माथि उल्लेख नभएका व्यवसाय) | १००० |
| ९० | अटो पार्टस | ५००० |
| ९१ | फलफूल तथा तरकारी | १००० |
| ९२ | कवाडी संकलन तथा सप्लायर्स | २००० |
| ९३ | | |
| ९४ | टायर पसल | |
| | क. बस,मिनीवस,ट्रक | ५००० |
| | ख. मोटर साईकल,कार, जिप | २००० |
| | ग. साईकल | १००० |
| ९५ | कोल्ड रिट्रेड समेत | ५००० |
| ९६ | टावर | |
| | क. टेलिफोन टावर | ३००० |
| | ख. रेडियो टावर | ३००० |
| | ग. टेलिभिजन टावर | ३००० |
| | | |
| ९८ | यस नगरपालिकामा उत्पादन भइ बाहिर निकासी हुने वस्तुहरु | |
| | कृषि तर्फ | |
| | | |
| | सुठो | प्रति केजी रु १ |
| | | |
| | अदुवा | प्रति केजी रु ।५० पैसा |
| | सिमी वोडी अन्य गेडागुडीको विउ | प्रति केजी रु १ |
| | घीउ | प्रति टिन रु १ |
| | दुध | प्रति लिटर रु ।५० पैसा |
| | मह | प्रति केजी रु |

| | | |
|---|---|---|
| | | १० |
| | इलाइचि | प्रति केजी रु २ |
| | | |
| | सुकेको वेसार | प्रति केजी रु २ |
| | सुकेको खुर्सानी | प्रति केजी रु २ |
| | | |
| | काचो खुर्सानी | प्रति केजी रु १ |
| | कुखुरा हास ( चल्ला बाहेक | प्रति गोटा रु १ |
| | | प्रति केजी रु १ |
| | लसुन | |
| | | |
| | प्याज | प्रति केजी रु ।७५ पैसा |
| | आलु | प्रति केजी रु ।५० पैसा |
| | खसी बोका | प्रति गोटा रु १० |
| | | |
| | ठुलो चौपाया | प्रति गोटा रु १०० |
| | ढुंगा गिट्टी बालुवा ग्राभेल र रोडा र स्लेट ढुंगा(निजी जग्गाको समेत | प्रति क्यूविक फिट रु २ |

९८ घुमन्ते पसल (पटके) (जिल्ला वाहिरवाट आएर व्यापार गर्ने घुमन्ते व्यापारीको हकमा निजले आफुले गर्न चाहेको व्यापारको व्यवसाय दर्ता प्रमाण पत्र, कर चुक्ताको प्रमाण पत्र, नागरिकताको प्रतिलिपि सहित स्वयं उपस्थित भई न.पा.मा सुची दर्ता गर्नुपर्ने, तथा साप्ताहिक रु. ५००/ का दरले सुल्क तिर्नुपर्ने । साथै सुची दर्ता गर्दा १५००/ शुल्क लाग्ने ।

द्रस्टव्य : नगरपालिकावाट सेवा सुविधा प्रवाह गर्दा नगरपालिकामा सम्पतिकर तथा अन्य कर दस्तुर बुझाएको रसिद अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

अनुसूची – ५

**<u>जडिबुटी, कवाडी र जीवजन्तु करः</u>**

नगरपालिकाका क्षेत्रभित्र लगाइने जडिबुटी,कवाडी तथा जीवजन्तु करका सम्बन्धमा अध्यन गरी नगर कार्यपालिकाले निर्णय गरे अनुरुप कर असूल उपर गरिनेछ ।

अनुसूची – ६

**<u>सवारी साधन करः</u>**

१ बस, ट्रक, र लरी प्रति वर्ष रु २०००।

२ जीप, कार प्रति वर्ष रु १०००।

३ ट्याक्टर प्रति वर्ष रु १५००।

४ मोटर साइकल रु ५००।

अनुसूची – ७

**विज्ञापन करः**

नगरपालिकाका क्षेत्रभित्र लगाइने विज्ञापन करका सम्बन्धमा निर्देशिका बनाइ नगर कार्यपालिकाले निर्णय गरे अनुरुप कर असूल उपर गरिनेछ

अनुसूची – ८

## मनोरन्जन करः

नगरपालिकाका क्षेत्रभित्र लगाइने मनोरञ्जन करका सम्बन्धमा निर्देशिका बनाइ नगर कार्यपालिकाले निर्णय गरे अनुरुप कर असूल उपर गरिनेछ ।

## अनुसूची - ९

## बहाल बिटौरी शुल्कः

नगरपालिकाका क्षेत्रभित्र लगाइने बहाल बिटौरी करका सम्बन्धमा निर्देशिका बनाइ नगर कार्यपालिकाले निर्णय गरे अनुरुप कर असूल उपर गरिनेछ ।

अनुसूची – १०

## पार्किङ शुल्कः

नगरपालिकाका क्षेत्रभित्र लगाइने पार्किङ शुल्कका सम्बन्धमा निर्देशिका बनाइ नगर कार्यपालिकाले निर्णय गरे अनुरुप कर असूल उपर गरिनेछ ।

अनुसूची – ११

सेवा शुल्क, दस्तुरः

| सि न | सेवाको किसिम | शुल्क दस्तुर रु |
|---|---|---|
| १ | नागरिकताको सिफारिश मूचुल्का | ३०० |
| २ | हालैको वकस पत्र सिफारिश | १००० |
| ३ | वकस पत्र शेषपछिको सिफारिश | ५०० |
| ४ | नाता प्रमाणित नेपालीमा | ५०० |
| ५ | नाता प्रमाणित अंग्रेजीमा | १००० |
| ७ | पारिवारिक विवरण सिफारिश | १०० |
| ८ | नावालक सिफारिश | १०० |
| ९ | जन्ममिति प्रमाणित | १०० |
| १० | जन्म मिति सच्याई सिफारिश | १०० |
| ११ | विवाहित अविवाहित सिफारिश नेपालीमा | ५०० |
| १२ | विवाहित अविवाहित सिफारिश अंग्रेजीमा | १००० |
| १३ | व्यत्तिगत प्रमाणित | १०० |
| १४ | जिवित सिफारिश | १०० |
| १५ | चारित्रिक प्रमाणित | ३०० |
| १६ | वसोवास प्रमाणित | २०० |
| १७ | नाम थर सच्याई सिफारिश | २०० |
| १८ | मिलापत्र वक्सौनी | १००० |
| १९ | टेलिफोन, विजूली, पानी, धारा जडान(संघ संस्था) सिफारिश | १००० |
| २० | टेलिफोन, विजूली, पानी, धारा नामसारी ठाउंसारी(संघ संस्था) सिफारिश | १००० |
| २१ | टेलिफोन, विजूली, पानी, धारा जडान( व्यक्तिगत) सिफारिश | ५०० |
| २२ | टेलिफोन, विजूली, पानी, धारा जडान नामसारी ठाउंसारी (व्यक्तिगत) | २०० |
| २३ | संघ संस्था नाफामूखी दर्ता तथा नविकरण | १००० |

| | | |
|---|---|---|
| | सिफारिश | |
| २४ | संघ संस्था गैरनाफामूखी दर्ता तथा नविकरण सिफारिश | ५०० |
| २५ | अंश वण्डा सिफारिश | १०० |
| २६ | रुख कटानको सिफारिश प्रति रुख | १०० |
| २७ | बन्दूक नविकरण सिफारिश | १००० |
| २८ | व्यपार, व्यवसाय र उद्योग दर्ता सिफरिश | ५०० |
| २९ | व्यवसाय दर्ता सिफारिश मूचूल्का सहित | १००० |
| ३० | व्यापार, व्यवसाय र उद्योग बन्द भएको वा चालु अवस्थाको सिफारिश | ५०० |
| ३१ | व्यपार, व्यवसाय र उद्योग नामसारी र ठाउंसारी सिफारिश | ५०० |
| ३२ | निजी विद्यालय सिफारिश | |
| ३३ | प्रा.वि.सिफारिश | ५०० |
| ३४ | नि.मा.वि.सिफारिश | १००० |
| ३५ | मा.वि.सिफारिश | १५०० |
| ३६ | नगरपालिका सूची दर्ता | ५०० |
| ३७ | ठेक्कापट्टा लाइसेन्स क र ख सूचीदर्ता | ५००० |
| ३८ | ठेक्कापट्टा लाइसेन्स ग र घ सूचीदर्ता | ३००० |
| ३९ | सम्पति मुल्यांकन | ०.१ प्रतिशत |
| ४० | घर तथा जग्गा नामसारी सिफारिश | |
| ४१ | घरवाटो सिफारिश पक्की सडक भएको | ५०० |
| ४२ | घरवाटो सिफारिश कच्ची सडक भएको | ३०० |
| ४३ | घरवाटो सिफारिश बाटो नभएको | २०० |
| ४४ | जग्गाधनी पूर्जा हराएको सिफारिश | २०० |
| ४५ | पुर्जामा घर कायम गर्ने सिफारिश | २०० |
| ४६ | जनजाति, दलित, अपांग असहाय सिफारिश | १०० |
| ४७ | छापाखाना दर्ता सिफारिश | ५०० |

| | | |
|---|---|---|
| ४८ | नक्सा प्रमाणित नयां प्रति स्क्वाएरफिट | ८ |
| ४९ | नक्सा प्रमाणित पुरानो प्रति स्क्वाएरफिट( श्रावण १ गतेदेखि लागू भई मंसीर मसान्तसम्म कायम रहने तर सो अवधिमा नक्सा प्रमाणित नगराए रु २० कायम हूने) | १२ |
| ५० | नक्सा नक्कल दस्तूर | ५०० |
| ५१ | चार किलला सिफारिश दस्तूर | २०० |
| ५२ | फोहोरमैला मासिक शूल्क | |
| ५३ | घूम्तीपसल | ५० |
| ५४ | तरकारी, फेन्सी, किराना, होटेल, चिया नास्ता पसल | १५० |
| ५५ | एग्रोभेट र औषधी पसल | १०० |
| ५६ | लज, ठूला होटेल तथा निजी अस्पताल | २०० |
| ५७ | योजना सम्झौताको लागी उ.भो.स.को समिति गठन गरी पठाउदा | रकमको ०.१ प्रतिशत |
| ५८ | छूट जग्गा दर्ता सिफारिश | ५०० |
| ५९ | जग्गा कित्ताकाट सिफारिश | २०० |
| ६० | एक पटक न.पा.वाट सिफरिश तथा प्रमाण पत्र प्रमाणित गर्दा लाग्ने दस्तूर | १०० |
| ६१ | नक्सापास फाराम दस्तूर | ५०० |
| ६२ | भाडामा लिएको कोठा खोल्नको लागि सिफारिश प्रति कोठा | १०० |
| ६३ | कागज मन्जूरीनामा सिफारिश | ५०० |
| ६४ | संरक्षक प्रमाणित सिफारिश | २०० |
| ६५ | हकदावी प्रमाणित | ५०० |
| ६६ | अमीन खटाउदा लिने सेवा शूल्क | १००० |
| ६७ | मर्मत संभार सूल्क | |
| | क. खानेपानीको लागि पिच वाटो काट्ने अनूमती शुल्क | २५००० |

| | | |
|---|---|---|
| | ख. खानेपानीको लागि ग्रावेल वाटो काट्ने अनूमती शुल्क | १०००० |
| | ख. खानेपानीको लागि कच्ची वाटो काट्ने अनूमती शुल्क | ५००० |
| ६८ | नर्सिङ, इन्जिनियरिङ, संस्थावाट अध्ययन, अध्यापनको लागि अनूमति शूल्क प्रतिवर्ष | ५००० |
| ६९ | फुटपाथ जरिवाना शूल्क | |
| | पहिलोपटक | ५०० |
| | दोस्रोपटक | १००० |
| | तेस्रोपटक | १५०० |

अनुसूची – १२

**पर्यटन शुल्कः**

नगरपालिकाका क्षेत्रभित्र लगाइने पर्यटन शुल्क तथा पर्यटन क्षेत्रका सम्बन्धमा निर्देशिका बनाइ नगर कार्यपालिकाले निर्णय गरे अनुरुप कर असूल उपर गरिनेछ ।

अनुसूची – १३

करछुट सम्बन्धी व्यवस्था

**क) सेवा शुल्कमा छुट**

| | |
|---|---|
| १. | सवै निवेदन दस्तुर |
| २. | नागरिकता सिफरिश |
| ३. | अपांग असाहय छात्रवृत्ति तथा विद्यालय भर्ना सिफरिश |
| ४. | आर्थिक अवस्था कम्जोर भएको सिफारिश |
| ५. | विपन्न छात्रवृत्ति सिफारिश |
| ६. | निःशुल्क स्वास्थ्य उपचार सिफारिश |

**ख) व्यवसाय करमा छुट**

| | |
|---|---|
| 1 | लघु उद्यम |

आज्ञाले,
माधव प्रशाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत